## "बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक" संशोधनका लागि नागरिक समाज तथा पीडित समुदायद्धारा प्रस्तुत सुझावहरू

(२१ श्रावण २०७९)

माननीय सदस्य ज्यू,
संघीय संसद, प्रतिनिधि सभा ।

माननीय सदस्य ज्यू,
संघीय संसद, राष्ट्रिय सभा ।

**विषयः संक्रमणकालीन न्याय कानुन संशोधन विधेयकका त्रुटीपूर्ण प्रावधानहरूलाई संशोधन गरेर मात्रै पारित गरियोस् ।**

नेपाल सरकारले गत असार ३१ गते संसदमा दर्ता गरेको ***"बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक"*** लाई नेपालको संविधान, सर्वोच्च अदालतका नजिरहरू एवं नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिहरूअन्तर्गतका दायित्वका साथै मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सिद्धान्त तथा मापदण्डहरूको प्रकाशमा विश्लेषण गर्दा थुप्रै त्रुटीहरू रहेको बारेमा गम्भीर ध्यानाकर्षण गराउन चाहान्छौं ।

विधेयकमा रहेका मानवअधिकार उल्लंघन तथा मानवअधिकारको गम्भीर उल्लंघनको परिभाषा, क्षमादान, अभियोजन, विशेष अदालतको क्षेत्राधिकार र पुनरावेदनसम्बन्धी व्यवस्था, न्याय निरूपण तथा दण्ड सजाय लगायतका विषयमा रहेका गम्भीर त्रुटीपूर्ण प्रावधानहरूलाई संशोधन गरेर मात्रै विधेयक पारित गर्न र लामो समयदेखि बल्झिँदै आएको संक्रमणकालीन न्याय प्रकृयालाई टुंगोमा पुऱ्याउन यथोचित रूपमा मार्ग प्रशस्त गर्न माननीय सदस्यज्यूलाई हार्दिक आह्वान गर्दछौं ।

सशस्त्र द्वन्द्वको क्रममा भएका हत्या, यातना, बलात्कार तथा यौनजन्य हिंसा, युद्ध अपराध र मानवताविरुद्धको अपराधलगायतका अन्तर्राष्ट्रिय मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनअन्तर्गतका गम्भीर अपराधमा संलग्नलाई क्षमादन दिने तथा प्रत्यक्ष वा परोक्ष रूपमा फौजदारी जवाफदेहिताबाट उन्मुक्ति दिने कार्य सर्वोच्च अदालतबाट स्थापित नजिर तथा नेपालले स्वीकार गरेका अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानुनका मापदण्डहरूको बर्खिलाप हुने भएकोले प्रस्तावित विधेयकले राष्ट्रिय एवं अन्तर्राष्ट्रिय रूपमा वैधता प्राप्त नगर्ने वास्तविकतालाई समेत मनन् गर्न अनुरोध गर्दछौं ।

सार्वभौम जनप्रतिनिधिहरूको संस्था संघीय संसदमा हुने छलफल तथा विधेयक संशोधनको प्रकृयामा रचनात्मक सहयोग पुगोस् भन्ने उद्देश्यले दफावार रूपमा सुझावसहित चार महले तयार गरी यसैसाथ प्रस्तुत गरेका छौँ ।

माननीय सदस्यज्यूले आफ्नो विवेकलाई कुनै आग्रह वा पूर्वाग्रहको बन्धक नबनाई व्यापक सार्वजनिक चासो र सरोकारको विषय रहेको यस विधेयकमाथि गहन छलफल र विचार विमर्श गरी यसमा रहेका त्रुटीहरूलाई संशोधनका माध्यमबाट सम्बोधन गर्न विनम्र अनुरोध सहित जोडदार माग गर्दछौं ।

भवदीय,

| **हस्ताक्षर गर्ने संस्थाहरू :** | | | |
|---|---|---|---|
| १ | जवाफदेहिता निगरानी समिति (एडब्लुसी) | २ | एड्भोकेसी फोरम (एएफ) नेपाल |
| ३ | द्वन्द्वपीडित साझा चौतारी (सिभिसिपी) | ४ | एम्नेस्टी इन्टरनेसनल नेपाल |
| ५ | द्वन्द्वपीडित राष्ट्रिय सञ्जाल (सिभिएनए) | ६ | न्यायका लागि द्वन्द्वपीडित समाज (सिभिएसजे) |
| ७ | द्वन्द्वपीडित राष्ट्रिय महिला सञ्जाल (सिभिडब्ल्यूएन) | ८ | बेपत्ता परिवार राष्ट्रिय सञ्जाल (नेफाड) नेपाल |
| ९ | अपांगता भएका द्वन्द्वपीडितहरूको राष्ट्रिय सञ्जाल | १० | अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) |
| ११ | शान्तिका लागि साझा अभियान (कोक्याप) नेपाल | १२ | न्याय तथा अधिकार संस्था (जुरी-नेपाल) |
| १३ | लोकतान्त्रिक स्वतन्त्रता तथा मानवअधिकार संस्था (डीएफएचआरआई) | १४ | सेन्टर फर लिगल स्टडिज् (सिएलएस) नेपाल |
| १५ | नेपाल पुर्नस्थापकीय न्याय मञ्च | १६ | महिला कानुन तथा विकास मञ्च (एफडब्ल्यूएलडी) |
| १७ | हिम राइट्स | १८ | ह्युमन राइट्स् एण्ड जस्टिस् सेन्टर (एचआरजेसी) |
| १९ | राष्ट्रिय मानवअधिकार प्रतिष्ठान (हुर्फोन) | २० | बहिर्गमित जनमुक्ति सेना नेपाल (डी-प्लान) |
| २१ | नागरिक आवाज | २२ | कानुनी सहायता तथा परामर्श केन्द्र (ल्याक) नेपाल |

| | | | |
|---|---|---|---|
| २३ | द स्टोरी किचन | २४ | महिला मानवअधिकार रक्षक राष्ट्रिय सञ्जाल |
| २५ | सर्वोच्च अदालत बार एशोसिएशन मानवअधिकार समिति | २६ | महिला पुनर्स्थापना केन्द्र (ओरेक) |
| २७ | भ्वाइसेज अफ वुइमिन मिडिया (भाओ मिडिया) | २८ | नेपाल पिस बिल्डिङ इनिसिएटिभ |
| २९ | पीस इन्भिजनर्स | ३० | बहुसांस्कृतिक मनोसामाजिक संस्था (टीपीओ-नेपाल) |
| ३१ | तरङ्गिनी फाउन्डेसन | ३२ | द्वन्द्वपीडित अधिकार मञ्च |
| ३३ | मानवअधिकार, वातावरण तथा विकास सम्बन्धी अन्तर्राष्ट्रिय संस्था ( इन्हुरेड इन्टरनेसनल) | | |

**बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक संशोधनका लागि नागरिक समाज तथा पीडित समुदायद्वारा प्रस्तुत सुझावहरू (चार महले):**

| **विद्यमान ऐनको व्यवस्था** | **विधेयकमा प्रस्तावित व्यवस्था** | **संशोधनका लागि सुझाइएको व्यवस्था** | **आधार, कारण र औचित्य** |
|---|---|---|---|
| दफा २ को खण्ड (ज) "पीडित" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा भएका मानवअधिकारको गम्भीर उल्लंघनको परिणाम स्वरुप मृत्यु भएको वा शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक रुपमा हानिनोक्सानी पुगेको वा थुनामा रहेको व्यक्ति तथा निजको परिवारको सदस्य सम्झनु पर्छ र सो शब्दले मानवअधिकारको गम्भीर उल्लंघनको परिणाम स्वरुप मानवीय, सामाजिक वा सामुदायिक रुपमा गम्भीर प्रतिकुल असर पुग्न गएको समुदाय समेतलाई जनाउछँ । | (२) खण्ड (ज) मा रहेका "मृत्यु भएको" भन्ने शब्दहरू पछि "वा बेपत्ता पारिएको" भन्ने शब्दहरू राखी सोही खण्डको ठाँउ ठाँउमा रहेका "मानवअधिकारको गम्भीर उल्लंघनको" भन्ने शब्दहरूको सट्टा "मानवअधिकारको उल्लंघन वा मानवअधिकारको गम्भीर उल्लंघनको" भन्ने शब्दहरू राखीएका छन् । | (२) खण्ड (ज) मा रहेका "मृत्यु भएको" भन्ने शब्दहरू पछि "वा बेपत्ता पारिएको" भन्ने शब्दहरू र "थुनामा रहेको व्यक्ति" भन्ने शब्दहरू पछि "सशस्त्र द्वन्द्वको समयमा राखिएका बारुदी सुरुङ (ल्याण्ड माइन) र विष्फोटक पदार्थको विष्फोटनमा परी मृत्यु भएका, शारीरिक तथा मानसिक रूपमा हानि नोक्सानी पुगेको व्यक्ति" राखी सोही खण्डको ठाउँ ठाउँमा रहेका "मानवअधिकारको गम्भीर उल्लंघनको" भन्ने शब्दहरूको सट्टा "मानवअधिकारको उल्लंघन वा मानवअधिकारको गम्भीर उल्लंघनको" भन्ने शब्दहरू राखिएका छन् । | सशस्त्र द्वन्द्वको समयमा विच्छाइएका बारुदी सुरुङ (ल्याण्ड माइन), राखिएका विष्फोटक पदार्थको विष्फोटनमा परी मृत्यु भएका, शारीरिक तथा मानसकिरुपमा हानी नोक्सानी पुगेको व्यक्तिलाई समेत सशस्त्र द्वन्द्वको पीडितको रुपमा परिभाषित गर्नु बान्छनीय भएकोले । |
| दफा २ को खण्ड (ञ) "मानवअधिकारको गम्भीर उल्लंघन" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा निःशस्त्र व्यक्ति वा जनसमुदाय विरुद्ध लक्षित गरी वा योजनाबद्ध रुपमा गरिएको देहायको कार्य सम्झनु पर्छ :-<br>(१) हत्या,<br>(२) अपहरण तथा शरीर बन्धक,<br>(३) व्यक्ति बेपत्ता पार्ने,<br>(४) अङ्गभङ्ग वा अपाङ्ग बनाउने,<br>(५) शारीरिक वा मानसिक | (ञ१) "मानवअधिकारको उल्लंघन" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा निःशस्त्र व्यक्ति वा जनसमुदाय विरुद्ध लक्षित गरी वा योजनावद्ध रुपमा गरिएको देहायको कुनै कार्य सम्झनु पर्छः-<br>(१) हत्या,<br>(२) यौनजन्य हिंसा,<br>(३) शारीरिक वा मानसिक यातना,<br>(४) अपहरण तथा शरीर बन्धक बनाउने,<br>(५) गैर कानूनी थुनामा राख्ने, | (ञ) "मानवअधिकारको उल्लंघन" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा अन्तर्राष्ट्रिय मानवअधिकार कानुन तथा अन्तर्राष्ट्रिय मानवीय कानुन विपरित द्वन्द्वरत पक्षबाट गरिएको देहायको कुनै कार्य सम्झनु पर्छः-<br>(१) अपहरण तथा शरीर बन्धक बनाउने,<br>(२) गैर कानूनी थुनामा राख्ने,<br>(३) कुटपीट गर्ने,<br>(४) व्यक्तिगत वा सार्वजनिक सम्पत्ति लुटपाट, कब्जा, तोडफोड | *"निःशस्त्र व्यक्ति वा जनसमुदाय विरुद्ध लक्षित गरी वा योजनाबद्ध रूपमा गरिएको"हुनु पर्ने गरी राखिएको मानवताविरुद्धको अपराध र युद्ध अपराधको थ्रेसहोल्ड (रोम विधानको धारा ७ र ८)ले मानवअधिकार उल्लंघनको दायरालाई साँघुरो बनाउने भएकाले* |

| | | | |
|---|---|---|---|
| यातना,<br>(६) बलात्कार तथा यौनजन्य हिंसा,<br>(७) व्यक्तिगत वा सार्वजनिक सम्पत्ति लुटपाट, कब्जा, तोडफोड वा आगजनी,<br>(८) घरजग्गाबाट जबरजस्ती निकाला वा अन्य कुनै किसिमबाट विस्थापन, वा<br>(९) अन्तर्राष्ट्रिय मानवअधिकार वा मानवीय कानून विपरीत गरिएका जुनसुकै किसिमका अमानवीय कार्य वा मानवता विरुद्धको अन्य अपराध । | (६) कुटपीट गर्ने, अङ्गभङ्ग वा अपाङ्ग बनाउने,<br>(७) व्यक्तिगत वा सार्वजनिक सम्पत्ति लुटपाट, कब्जा, तोडफोड वा आगजनी गर्ने,<br>(८) घरजग्गाबाट जबर्जस्ती निकाला वा अन्य कुनै किसिमबाट विस्थापन गर्ने, वा<br>(९) अन्तर्राष्ट्रिय मानवअधिकार वा मानवीय कानुन विपरीत गरिएका जुनसुकै अमानवीय कार्य ।" | वा आगजनी गर्ने,<br>(५) घरजग्गाबाट जबर्जस्ती निकाला वा अन्य कुनै किसिमबाट विस्थापन गर्ने,<br>(६) बाल सेनाको प्रयोग गर्ने, वा<br>(७) अन्तर्राष्ट्रिय मानवअधिकार वा मानवीय कानुन विपरीत गरिएका अन्य अमानवीय कार्य ।" | */ सशस्त्र व्यक्तिलाई पनि नियन्त्रणमा लिइसकेपछि हत्या गर्ने, यातना दिने, बेपत्ता पार्ने र बलात्कार लगायतका यौनहिंसा गर्न नपाइने र त्यसो गरेमा अन्तर्राष्ट्रिय मानवअधिकार कानुन तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लंघन मानिने भएकाले ।*<br><br>*नेपाल पक्ष भएका जेनेभा महासन्धि १९४९ (साझा धारा ३), नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुवन्ध, १९६६ (धारा, २, ४, ६र ७) एवं नेपाल पक्ष भएको यातना विरुद्धको महासन्धि, १९८४ समेतअन्तर्गत हत्या तथा यातना लगायतका मानवअधिकारको गम्भीर उल्लंघनका घटनामा कुनै पनि वाहानामा फौजदारी जवाफदेहिताबाट उन्मुक्ति दिने र पीडितको* |

| | | | |
|---|---|---|---|
| | | | *प्रभावकारी उपचारको हकलाई निश्तेज पार्ने कुरा स्वीकार्य नहुने भएकाले ।*<br>*जेनेभा महासन्धिको उल्लंघन गरेर सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोग गरिएको तथ्य बाहिर आएको सन्दर्भमा यसलाई पनि मानवअधिकार उल्लंघनको दायराभित्र समेट्नु वाञ्छनीय हुने भएकाले ।* |
| ऐनमा व्यवस्था नभएको | (ञ१) "मानवअधिकारको गम्भीर उल्लंघन" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा निःशस्त्र व्यक्ति वा जनसमुदाय विरुद्ध लक्षित गरी वा योजनाबद्ध रूपमा गरिएको देहायको कनै कार्य सम्झनु पर्छः-<br>(१) क्रुर यातना दिई वा निर्ममतापुर्वक ज्यान मारेको,<br>(२) जबर्जस्ती करणी,<br>(३) जबर्जस्ती व्यक्ति बेपत्ता पार्ने कार्य,<br>(४) अमानवीय वा क्रुरतापुर्वक दिएको यातना ।" | "(ञ१) "मानवअधिकारको गम्भीर उल्लंघन" भन्नाले अन्तर्राष्ट्रिय मानवअधिकार कानुन तथा अन्तर्राष्ट्रिय मानवीय कानुन विपरित द्वन्द्वरत पक्षबाट गरिएको देहायको कनै कार्य सम्झनु पर्छः-<br>(१) निःशस्त्र व्यक्ति तथा नियन्त्रणमा लिइएको जुनसुकै व्यक्तिको हत्या,<br>(२) बलात्कार तथा गम्भीर प्रकृतिका यौन हिंसा,<br>(३) जबर्जस्ती व्यक्ति बेपत्ता पार्ने कार्य,<br>(४) यातना, अङ्गभङ्ग वा अपाङ्ग बनाउने कार्य,<br>(५) मानवता विरुद्धको अपराध<br>(६) युद्ध अपराध | *अन्तर्राष्ट्रिय मानवअधिकार कानुन तथा मानवीय कानुन अन्तर्गत अक्षम्य, अहरणीय जीवनको अधिकारको उल्लंघनको परिणामस्वरुप घटित हुने हत्या, यातना, बेपत्ता, गम्भीर यौन हिंसा, युद्ध अपराध र मानवता विरुद्धको अपराधलाई अनुचित वर्गिकरण गरी फौजदारी जावाफदेहिताबाट प्रत्यक्ष वा परोक्ष रूपमा उन्मुक्ति दिने तथा पीडितलाई* |

| | | | |
|---|---|---|---|
| | | स्पष्टिकरण: यस ऐनमा मानवता विरुद्धको अपराध र युद्ध अपराध भन्नाले अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान, १९९८ को धारा ७ र ८ मा परिभाषित मानवता विरुद्धको अपराध र युद्ध अपराध तथा “यातना” भन्नाले नेपाल पक्ष भएको यातनाविरुद्धको महासन्धिको धारा १मा परिभाषित यातनालाई सम्झनु पर्छ। | *प्रभावकारी कानुनी उपचारबाट वञ्चित गर्ने गरी व्यवस्था गर्ने कुराले अन्तर्राष्ट्रिय कानुनअन्तर्गत मान्यता नपाउने भएकाले।*[1] |
| २ (ट) “व्यक्ति बेपत्ता पार्ने कार्य” भन्नाले देहायका कुनै कार्य सम्झनु पर्छ :-<br>(१) कानून बमोजिम पक्राउ गर्न, अनुसन्धान तहकिकात गर्न वा कानुन कार्यान्वयन गर्न अख्तियारी पाएको व्यक्ति वा सुरक्षाकर्मीले पक्राउ गरेको, हिरासतमा राखेको वा अन्य कुनै किसिमले नियन्त्रणमा लिएको व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित नगराउने, मुद्दा हेर्ने अधिकारी समक्ष प्रचलित कानुन बमोजिम उपस्थित गराउनु पर्ने | हटाईएको | “व्यक्ति बेपत्ता पार्ने कार्य” भन्नाले राज्य वा राजनीतिक संगठनको कुनै निकायद्वारा वा त्यस्तो निकायको अख्तियारी, समथर्न वा सहमतिमा कार्य गर्ने कुनै व्यक्ति वा व्यक्तिहरूको समूहद्वारा पक्राउ, थुना, अपहरण वा अन्य कुनै किसिमले व्यक्तिलाई उसको स्वतन्त्रताबाट वञ्चित गरी त्यस्तो व्यक्तिको अवस्था वा ऊ रहेको ठाउँको खुलासा नगरेर वा त्यस्तो व्यक्तिलाई स्वतन्त्रताबाट वञ्चित गरिएको मान्न अस्वीकार गरेर कानुनको संरक्षणबाट बाहिर राख्ने कार्यलाई जनाउँदछ। | *ऐनमा भैरहेको प्रावधानलाई अन्तर्राष्ट्रिय कानुनका मापदण्डअनुरुप हुनेगरी परिमार्जन गरेर कायम राख्नु वाञ्छनीय हुने भएकाले।* |

[1] हेर्नुहोस:- ‘द्वन्द्वोत्तर समाजहरूमा कानुनी शासन र संक्रमणकालीन न्यायसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासचिवको प्रतिवेदन २००४’ ( https://www.un.org/ruleoflaw/files/2004%20report.pdf ), ‘दण्डहीनताविरुद्ध लड्ने संयुक्त राष्ट्रसंघीय सिद्धान्तहरूको अद्यावधिक सँगालो २००५’ ( https://documents-dds-ny.un.org/doc/UNDOC/GEN/G05/109/00/PDF/G0510900.pdf?OpenElement ), महासचिवले जारी गरको संक्रमणकालीन न्यायसम्बन्धी संयुक्त राष्ट्रसंघीय उपागमसम्बन्धी निर्देशिका २०१०’ (https://www.un.org/ruleoflaw/files/TJ_Guidance_Note_March_2010FINAL.pdf ), ‘अन्तर्राष्ट्रिय मानवअधिकार कानुन तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लंघनका पीडितहरूका लागि कानुनी उपचार तथा परिपूरणको अधिकारसम्बन्धी आधारभूत सिद्धान्त तथा मार्गनिर्देशनहरू, २००६’ ( https://www.ohchr.org/sites/default/files/2021-08/N0549642.pdf ), र राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयको टेक्निकल नोट ( https://www.ohchr.org/sites/default/files/Documents/Countries/NP/OHCHRTechnical_Note_Nepal_CIDP_TRC_Act2014.pdf )

| | | | |
|---|---|---|---|
| अवधि व्यतीत भएपछि पनि सरोकारवालालाई भेटघाट गर्न नदिने वा निजलाई कँहा", कसरी र कुन अवस्थामा राखिएको छ भन्ने सम्बन्धमा जानकारी नदिने,<br>(२) सशस्त्र द्वन्द्वको क्रममा कुनै संगठन वा संगठित वा असंगठित समूहको नामबाट कुनै पनि व्यक्तिलाई पक्राउ वा अपहरण गरी वा कब्जामा वा अन्य कुनै किसिमले नियन्त्रणमा लिई निजको वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गर्ने । | | | |
| ६. पदावधिः (१) यो दफा प्रारम्भ भएपछि नियक्त हुने अध्यक्ष तथा सदस्यको पदावधि एक वर्षको हुने ।<br>(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३८ को उपदफा (२) बमोजिम आयोगको कार्यावधि थप भएको अवस्थामा नेपाल सरकारले अध्यक्ष तथा सदस्यको पदावधि थप गर्न वा दफा ४ बमोजिमको योग्यता भएका अन्य व्यक्तिलाई दफा ३ बमोजिम नियुक्त गर्न सक्नेछ । | दफा ४. "६. पदावधीः (१) यो दफा प्रारम्भ भएपछि नियुक्त हने अध्यक्ष तथा सदस्यको पदावधि नियुक्ति भएको मितिले एक वर्षको हनेछ ।<br>(२) उपदफा (१)मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३८ को उपदफा (१) बमोजिम आयोगको कार्यावधि थप भएको अवस्थामा त्यसरी थप भएको अवधिसम्मको लागि नेपाल सरकारले अध्यक्ष तथा सदस्यको पदावधि बढीमा एक वर्ष थप गर्न सक्नेछ ।" | दफा ४. ६. पदावधिः (१) यो दफा प्रारम्भ भएपछि नियुक्त हुने अध्यक्ष तथा सदस्यको पदावधि नियुक्ति भएको मितिले तीन वर्षको हुनेछ ।<br>(२) उपदफा (१)मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३८ को उपदफा (१) बमोजिम आयोगको कार्यावधि थप भएको अवस्थामा त्यसरी थप भएको अवधिसम्मको लागि नेपाल सरकारले अध्यक्ष तथा सदस्यको पदावधि बढीमा एक वर्ष थप गर्न सक्नेछ । | *आयोगहरूको कार्यादेशको गाम्भिर्यता एवं अहिलेसम्म भएको प्रगति समेतलाई यथार्थपरक मूल्यांकन गर्दा आयोगको पर्याप्त र निश्चित कार्यावधि तोक्न वाञ्छनीय भएकोले ।* |

| | | | |
|---|---|---|---|
| ३. आयोगको गठन : (५) उपदफा (३) बमोजिमको सिफारिस समितिले अध्यक्ष तथा सदस्यको नाम सिफारिस गर्न अघि निजहरूको सार्वजनिक छनौट प्रक्रिया निर्धारण गरी त्यस्तो छनौट प्रक्रिया सार्वजनिक रुपमा प्रकाशन समेत गर्नु पर्नेछ। | कुनै संशोधन नगरिएको | (५) उपदफा (३) बमोजिमको सिफारिस समितिले अध्यक्ष तथा सदस्यको नाम सिफारिस गर्न अघि देहायबमोजिम सार्वजनिक छनौट प्रकृया अवलम्वन गर्नेछः-<br>(क) इच्छुक व्यक्तिको मनोनयनका लागि सार्वजनिक आव्हान गर्ने, सम्बन्धित व्यक्ति वा अरु कोही व्यक्ति वा संस्थाले पनि त्यस्तो मनोनयन दर्ता गर्न सक्ने।<br>(ख) ऐनले तोकेको योग्यताका शर्तहरूको आधारमा प्राप्त मनोनयनहरूको जाँच गरी न्यूनतम योग्यता पुरा गरेका व्यक्तिहरूको सूची तयार गर्ने,<br>(ग) उम्मेदवारहरूको बारेमा सार्वजनिक प्रतिक्रियाका लागि निश्चित समय तोकी सूची प्रकाशन गर्ने,<br>(घ) उम्मेदवारहरूको पृष्ठभूमि तथा ट्र्याक रेकर्ड अध्ययन एवं निजहरूको बारेमा प्राप्त सार्वजनिक प्रतिक्रियाको अध्ययन गरी पदाधिकारीको रूपमा नियुक्त हुन योग्य देखिएका उम्मेदवारहरूको छोटो सूची तयार गर्ने,<br>(छ) खुला र पारदर्शी तरिकाले छोटो सूचीमा परेका उम्मेदवारहरूको अन्तर्वार्ता लिने, उनीहरूसँग संक्रमणकालीन न्यायका मूलभूत | *आयोगको सन्दर्भमा देखिएको वैधता तथा विश्वासको संकटलाई सम्बोधन गर्न खुला, पारदर्शी र परामर्शयुक्त प्रकृयाबाट सक्षम, अनुभवी र विश्वसनीय व्यक्तिलाई पदाधिकारीको रूपमा नियुक्त गर्नु आवश्यक भएकाले।* |

| | | | |
|---|---|---|---|
| | | विषयहरूमा छलफल र अन्तरक्रि या गर्ने एवं विषयवस्तुमा उनीहरूको ठोस धारणा प्रस्तुत गर्न लगाउने,<br>(ज) उम्मेदवारहरूको ज्ञान, अनुभव, क्षमता, नैतिक चरित्र र वैयक्तिक अभेद्यता/विश्वसनीयता समेतको समष्टिगत अध्ययन र विश्लेषणको आधारमा सबै भन्दा उपयुक्त देखिएका उम्मेदवारहरूलाई नियक्तिका लागि सिफारिस गर्ने ।<br>(६) छनौट प्रकृयासम्बन्धी अन्य व्यवस्था समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।<br>(७) समिति गठन भएको बढिमा दुई महिना भित्र छनौट प्रकृया सम्पन्न गरिसक्नु पर्नेछ । | |
| ऐनमा व्यवस्था नभएको । | विधेयकमा व्यवस्था नभएको । | मुल ऐनको दफा २३ मा संशोधन विधेयकद्धारा थप गरिएको उपदफा (८) पछि देहाय उपदफा (९) थप गर्ने:<br>(९) यस दफा बमोजिम आयोगले परिपूरणको सिफारीस नगरिएको वा सिफारीस गरिएको परिपूरण न्यायोचित नभएको वा सिफारीस भएबमोजिमको परिपूरण प्रदान नगरिएको भनि कनै पीडित वा निजको परिवारको सदस्यले विशेष अदालतमा निवेदन दिन सक्नेछ र विशेष अदालतले त्यस्तो निवेदन दर्ता भएको तीन महिनाभित्र निवेदनउपर | *विधेयकमा परिपूरणसम्बन्धी कानूनी व्यवस्था प्रस्ताव गरिएको तर त्यस्तो व्यवस्थाको कार्यान्वयन नगरिएको वा कानूनी व्यवस्था विपरित परिपूरणको सिफारीस गरिएको अवस्थामा त्यसबाट मर्का पर्ने पीडितले न्याय तथा उपचारको लागि उजुकानूनी व्यवस्था गर्नु वाञ्छनीय भएकोले ।* |

| | | | |
|---|---|---|---|
| | | आवश्यक कारवाही गरी उपयुक्त आदेश तथा निर्णय गर्नेछ । | |
| ऐनमा व्यवस्था नभएको । | "२५क. नीतिगत सिफारिस गर्न सक्नेः (ख) सशस्त्र द्वन्द्वको क्रममा भएको कुनै घटनामा परी मृत्यु भएका, घाईते तथा अपाङ्गता भएका व्यक्ति वा निजका परिवारका सदस्यलाई आवश्यक राहत तथा सहयोग प्रदान गर्ने ।" | "२५क. नीतिगत सिफारिस गर्न सक्नेः (ख) सशस्त्र द्वन्द्वको क्रममा भएको कुनै घटनामा परी मृत्यु भएका, घाईते तथा अपाङ्गता भएका व्यक्ति वा निजका परिवारका सदस्यलाई उचित राहत, परिपूरण तथा सहयोग प्रदान गर्ने ।" | सशस्त्र द्वन्द्वको क्रममा भएको कुनै घटनामा परी मृत्यु भएका, घाईते तथा अपाङ्गता भएका व्यक्ति वा निजका परिवारको परिपूरण प्राप्त गर्ने अधिकारको सम्मान गर्नु पर्ने भएकोले । |
| ऐनमा व्यवस्था नभएको । | "२५क. नीतिगत सिफारिस गर्न सक्नेः (ग) सशस्त्र द्वन्द्वको समयमा विच्छ्याइएका बारुदी सुरुङ (ल्याण्ड माइन), राखिएका विष्फोटक पदार्थको विष्फोटनमा परी मृत्यु भएका, घाईते तथा अपाङ्गता भएका व्यक्ति वा निजका परिवारका सदस्यलाई आवश्यक राहत तथा सहयोग प्रदान गर्ने ।" | "२५क. नीतिगत सिफारिस गर्न सक्नेः (ग) सशस्त्र द्वन्द्वको समयमा विच्छ्याइएका बारुदी सुरुङ (ल्याण्ड माइन), राखिएका विष्फोटक पदार्थको विष्फोटनमा परी मृत्यु भएका, घाईते तथा अपाङ्गता भएका व्यक्ति वा निजका परिवारका सदस्यलाई उचित राहत, परिपूरण तथा सहयोग प्रदान गर्ने ।" | बारुदी सुरुङ (ल्याण्ड माइन), राखिएका विष्फोटक पदार्थको विष्फोटनमा परी मृत्यु भएका, घाईते तथा अपाङ्गता भएका व्यक्ति वा परिवारको परिवारको परिपूरण प्राप्त गर्ने अधिकारको सम्मान गर्नु पर्ने भएकोले । |
| २९. मुद्दा दायर गर्ने सम्बन्धी व्यवस्थाः (१) मानवअधिकारको गम्भीर उल्लंघनको आरोपमा दोषी देखिएको पीडक उपर मुद्दा चलाउन आयोगबाट नेपाल सरकार समक्ष सिफारिस भएमा मन्त्रालयले त्यस्तो पीडक उपर मुद्दा चलाउन महान्यायाधिवक्ता समक्ष लेखी पठाउनु पर्नेछ । | २९. मुद्दा दायर गर्ने सम्बन्धी व्यवस्थाः (१) आयोगले मानवअधिकारको गम्भीर उल्लंघनको कार्यमा संलग्न देखिएका व्यक्ति उपर मुद्दा चलाउन घटना हुँदाको परिस्थिति, कारण, छानबिन प्रतिवेदन र प्रमाण सहित महान्यायाधिवक्ता समक्ष सिफारिस गर्नु पर्नेछ । (२) उपदफा (१) बमोजिमको सिफारिस गर्दा मुद्दा | २९. मुद्दा दायर गर्ने सम्बन्धी व्यवस्थाः (१) आयोगले मानवअधिकारको गम्भीर उल्लंघनको कार्यमा संलग्न देखिएका व्यक्तिउपर मुद्दा चलाउन घटना हुँदाको परिस्थिति, कारण, छानबिन प्रतिवेदन र प्रमाण सहित महान्यायाधिवक्ता समक्ष सिफारिस गर्नु पर्नेछ । (२) उपदफा (१) बमोजिमको सिफारिस गर्दा मुद्दा | मुद्दा चलाउने वा नचलाउने निर्णय गर्दा त्यसको आधार र कारण खुलाउन पर्ने गरी विद्यमान ऐनको दफा २९(३)मा राखिएको प्रावधान हटाउने गरी विधेयकमा गरिएको प्रस्ताव उपयुक्त छैन । |

| | | | |
|---|---|---|---|
| (२) उपदफा (१) बमोजिम मन्त्रालयबाट मुद्दा चलाउन लेखी आएमा महान्यायाधिवक्ता वा निजले तोकेको सरकारी वकीलले त्यस्तो पीडक उपर मुद्दा चल्ने वा नचल्ने सम्बन्धमा निर्णय गर्नेछ ।<br>(३) उपदफा (२) बमोजिम महान्यायाधिवक्ता वा सरकारी वकीलले मुद्दा चलाउने वा नचलाउने निर्णय गर्दा त्यसको आधार र कारण खुलाउन पर्नेछ ।<br>(४) उपदफा (२) बमोजिम पीडक उपर मुद्दा चलाउने निर्णय भएमा सम्बन्धित सरकारी वकीलले विशेष अदालतमा मुद्दा चलाउनु पर्नेछ ।<br>स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि “विशेष अदालत” भन्नाले आयोगको सिफारिसका आधारमा महान्यायाधिवक्ता वा निजले तोकेको सरकारी वकिलले उपदफा (२) बमोजिम कुनै पीडक उपर मुद्दा चलाउने गरी निर्णय गरेको मुद्दाको कारवाही र किनारा गर्न नेपाल सरकारले कानुन बमोजिम गठन गरेको विशेष अदालत सम्झनु पर्छ । | चलाउनु पर्ने व्यक्तिको सम्बन्धमा देहायको अवस्था विद्यमान भए सो समेत खुलाउन पर्नेछः- (क) आयोग समक्ष आफुलाई थाहा भएसम्मको सत्य तथ्य विवरण निजले प्रकट गरे नगरेको,<br>(ख) निज उपर लागेको आरोपको सम्बन्धमा निजले सत्य तथ्य व्यक्त गरी छानबिनमा सहयोग गरे नगरेको,<br>(ग) त्यस्तो कार्यमा संलग्न भएकोमा पश्चाताप गरे नगरेको,<br>(घ) पीडितलाई परिपूरण प्रदान गरे नगरेको ।<br>(ङ) पीडितसंग क्षमायाचना गरे नगरेको,<br>(च) भविश्यमा त्यस्तो किसिमको कार्य नगर्ने प्रतिज्ञा गरे नगरेको ।<br>(३) उपदफा (१) बमोजिमको सिफारिस प्राप्त भएमा महान्यायाधिवक्ता वा निजबाट अधिकारप्राप्त सरकारी वकीलले प्राप्त प्रमाणको आधारमा आयोगबाट सिफारिस प्राप्त भएको मितिले छ महिनाभित्र मुद्दा चलाउने वा नचलाउने सम्बन्धमा निर्णय गर्नेछ ।<br>(४) उपदफा (३) बमोजिम मुद्दा चलाउने निर्णय भएमा महान्यायाधिवक्ता वा निजबाट अधिकारप्राप्त सरकारी वकीलले विशेष अदालतमा मुद्दा दायर गर्नु पर्नेछ । | चलाउनु पर्ने व्यक्तिको सम्बन्धमा देहायको अवस्था विद्यमान भए सो समेत खुलाउन पर्नेछ :- (क) आयोगसमक्ष आफुलाई थाहा भएसम्मको सत्य तथ्य विवरण निजले प्रकट गरे नगरेको,<br>(ख) निज उपर लागेको आरोपको सम्बन्धमा निजले सत्य तथ्य व्यक्त गरी छानबिन र प्रमाण संकलनमा सहयोग गरे नगरेको,<br>(ग) त्यस्तो कार्यमा संलग्न भएकोमा पश्चाताप गरे नगरेको,<br>(घ) पीडितलाई परिपूरण प्रदान गरे नगरेको ।<br>(ङ) पीडितसंग क्षमायाचना गरे नगरेको,<br>(च) भविष्यमा त्यस्तो किसिमको कार्य नगर्ने प्रतिज्ञा गरे नगरेको ।<br>(३) उपदफा (१) बमोजिमको सिफारिस प्राप्त भएमा महान्यायाधिवक्ता वा निजबाट अधिकारप्राप्त सरकारी वकीलले प्राप्त प्रमाणको आधारमा आयोगबाट सिफारिस प्राप्त भएको मितिले छ महिनाभित्र मुद्दा चलाउने वा नचलाउने सम्बन्धमा निर्णय गर्नेछ ।<br>(४) उपदफा (३) बमोजिम महान्यायाधिवक्ता वा सरकारी वकिलले मुद्दा चलाउने वा नचलाउने निर्णय गर्दा त्यसको आधार र कारण | निर्णयकर्ता जवाफदेही हुनु पर्ने गरी राखिएको व्यवस्थालाई कायम राख्नु उचित हुने भएकाले ।<br><br>विधेयकको प्रस्तावित दफा २९(३)मा आयोगबाट सिफारिस प्राप्त भएको मितिले छ महिनाभित्र मुद्दा चलाउने वा नचलाउने सम्बन्धमा सरकारी वकिलले निर्णय गर्नै पर्ने बाध्यात्मक व्यवस्था छ । घटनाहरूको गाम्भिर्यतालाई हेर्दा यो हदम्याद पर्याप्त हुँदैन । यसको कार्यान्वयनले पीडितको प्रभावकारी कानुनी उपचार, जसअन्तर्गत स्वतन्त्र र प्रभावकारी अनुसन्धान समाहित छ, लाई सिमित पार्छ । तसर्थ मानवअधिकारको गम्भीर उल्लंघनको परिणामस्वरुप सृजित हुने अपराधहरूमा हदम्याद तथा पश्चातदर्शी कानुनको सिद्धान्त लागु नहुने र |

| | | | |
|---|---|---|---|
| | (५) यस दफा बमोजिम मुद्दा चलाउने निर्णय भएमा महान्यायाधिवक्ता वा निजबाट अधिकारप्राप्त सरकारी वकीलले उपदफा (२) बमोजिमको अवस्था विद्यमान भएको तथा घटना हुँदाको परिस्थिति, कारण तथा संक्रमणकालीन न्यायको सिद्धान्तलाई ध्यान दिई प्रचलित कानुन बमोजिमको सजायमा घटी हुने गरी माग दाबी लिन सक्नेछ ।<br>(६) यस दफा बमोजिम सार्वजनिक पद धारण गरेको व्यक्ति उपर मुद्दा दायर भएमा त्यस्तो मुद्दाको किनारा नभएसम्म निज पदबाट निलम्बन भएको मानिनेछ । | खुलाउन पर्नेछ ।<br>(५) थप अनुसन्धान गर्न वा अभियोगपत्र तयार गर्न उपदफा (१) मा तोकिएको समय अपर्याप्त भएमा वा मनासिव कारणको विद्यमानता भएमा अधिकारप्राप्त सरकारी वकिलले मनासिव समयभित्र थप अनुसन्धान गरी गराई अभियोगपत्र तयार गरी मुद्दा दर्ता गर्न बाधा पर्ने छैन ।<br>(६) उपदफा (३) बमोजिम मुद्दा चलाउने निर्णय भएमा महान्यायाधिवक्ता वा निजबाट अधिकारप्राप्त सरकारी वकिलले विशेष अदालतमा मुद्दा दायर गर्नु पर्नेछ ।<br>(७) यस दफा बमोजिम मुद्दा चलाउने निर्णय भएमा महान्यायाधिवक्ता वा निजबाट अधिकारप्राप्त सरकारी वकिलले उपदफा (२) बमोजिमको अवस्था विद्यमान भएको तथा घटना हुँदाको परिस्थिति, कारण तथा संक्रमणकालीन न्यायको सिद्धान्तलाई ध्यान दिई प्रचलित कानुन बमोजिमको सजायमा घटी हुने गरी माग दाबी लिन सक्नेछ ।<br>(८) यस दफा बमोजिम सार्वजनिक पद धारण गरेको व्यक्ति उपर मुद्दा दायर भएमा त्यस्तो मुद्दाको किनारा | अनुसन्धानबाट जहिले प्रमाणको थ्रेसहोल्ड पुरा हुने हुन्छ त्यतिबेला नै मुद्दा चलाउन सकिने गरी न्यायको ढोका खुला राख्नु अन्तर्राष्ट्रिय कानुनी मापदण्ड (जस्तै नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्धको धारा १५(२))समेत अनुकुल हुने भएकाले ।<br><br>गम्भीर मानवअधिकार उल्लंघनवाट निश्रृत अपराधको अनुसन्धान तथा अभियोजनलाई परम्परागत अपराधको छानविन तथा अनुसन्धान भन्दा फरक दृष्टिकोणवाट हेर्नु आवश्यक भएकोले ।<br><br>हदम्याद वा कानुनको पश्चातदर्शी प्रयोग विरुद्धको सिद्धान्त लागु नहुने व्यवस्था नगरे कुनैपनि मानवअधिकारको गम्भीर उल्लंघनमा प्रचलित कानुनबमोजिम सजाय गर्न नसकिने भई |

| | | | |
|---|---|---|---|
| | | नभएसम्म निज पदबाट निलम्बन भएको मानिनेछ ।<br>(९)यस ऐनअन्तर्गत अभियोजनका लागि आवश्यक पर्ने थप फौजदारी अनुसन्धानको कारबाही सम्पन्न गर्न नेपाल सरकारले महान्यायाधिवक्ता कार्यालय मातहत रहनेगरी विशिष्टकृत अनुसन्धानकर्ता सम्मिलित विशेष अनसन्धान इकाईको स्थापना र सञ्चालनको आवश्यक प्रबन्ध गर्नेछ ।<br>(१०) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि गम्भीर मानवअधिकार उल्लंघनका घटनामा अभियोजन गर्न हदम्याद वा कानुनको पश्चातदर्शि प्रयोग विरुद्धको सिद्धन्त लागु हुने छैन । | सबैले फौजदारी जवाफदेहिताबाट उन्मुक्ति पाउने अवस्था सृजना हुने भएकाले, साथै अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका गम्भीर अपराधमा पश्चातदर्शी कानुनको प्रयोग विरुद्धको सिद्धान्त लागु नहुनेगरी नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्धको धारा १५(२)ले प्रबन्ध गरेकाले सोअनुरुप नेपालले पनि राष्ट्रिय कानुनमा प्रवन्ध गर्नु पर्ने भएकाले । |
| दफा२९(४) उपदफा (२) बमोजिम पीडक उपर मुद्दा चलाउने निर्णय भएमा सम्बन्धित सरकारी वकीलले विशेष अदालतमा मुद्दा चलाउनु पर्नेछ ।<br><br>स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "विशेष अदालत" भन्नाले आयोगको सिफारिसका आधारमा महान्यायाधिवक्ता वा निजले तोकेको सरकारी वकिलले उपदफा | २९क. विशेष अदालतको गठन: (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सशस्त्र द्वन्द्वको क्रममा घटेका मानवअधिकारको गम्भीर उल्लंघनसंग सम्बन्धित मुद्दाको कारवाही र किनारा गर्न न्याय परिषद्को परामर्शमा तीन सदस्यीय एक विशेष अदालत गठन गर्नेछ । | २९क. विशेष अदालतको गठन: (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस ऐनअन्तर्गतका कसुरसंग सम्बन्धित मुद्दाको कारवाही र किनारा गर्न न्याय परिषद्को सिफारिसमा तीन सदस्यीय एक विशेष अदालत गठन गर्नेछ ।" | *न्यायिक स्वतन्त्रताका मान्यतालाई पूर्णरूपमा पालना गर्नु वान्छनीय भएकाले परामर्शको ठाउँमा सिफारिस राखिएको ।* |

| | | | |
|---|---|---|---|
| (२) बमोजिम कुनै पीडक उपर मुद्दा चलाउने गरी निर्णय गरेको मुद्दाको कारवाही र किनारा गर्न नेपाल सरकारले कानुन बमोजिम गठन गरेको विशेष अदालत सम्झनु पर्छ । | | | |
| ऐनमा व्यवस्था नभएको । | २९क विशेष अदालतको गठनः (५) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम विशेष अदालतले गरेको निर्णय अन्तिम हुनेछ । | २९क विशेष अदालतको गठनः (५) विशेष अदालतले गरेको फैसलामा चित्त नबुझ्ने पक्षले फैसलाको जानकारी पाएको मितिले पैंतिस दिनभित्र सर्वोच्च अदालतमा पुनरावेदन दिन सक्नेछ ।<br><br>(६) उपदफा (५) बमोजिम दायर हुने पुनरावेदनको न्याय निरुपण सर्वोच्च अदालतको तीन जना न्यायाधीश सम्मिलित विशेष इजलासले गर्नेछ । | *शुरु तहको निर्णयलाई माथिल्लो अदालतवाट जँचाई पाउने स्वच्छ सुनवाईकै हकको रुपमा नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अभिसन्धिको धारा १४(५)मा प्रत्याभूत रहेको र संविधानको धारा २०मा मौलिक हकको रुपमा सुनिश्चत गरिएकाले पुनरावेदनको अधिकारबाट बञ्चित गर्ने प्रस्तावित व्यवस्थाको औचित्य पुष्टि गर्न सकिंदैन ।* |
| दफा १३ (२) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि सशस्त्र द्वन्द्वको क्रममा भएका घटनासंग सम्बन्धित विषयमा विभिन्न अदालत तथा निकायमा विचाराधीन मुद्दाहरू सम्बन्धित अदालत तथा | २९ख. मुद्दा सर्नेः (१) यो दफा प्रारम्भ हुँदाका वखत जिल्ला अदालत वा उच्च अदालतमा विचाराधिन रहेको सशस्त्र द्वन्द्वको क्रममा भएका मानवअधिकारको उल्लंघन तथा मानवअधिकारको गम्भीर उल्लंघनसंग सम्बन्धित मुद्दा, पुनरावेदन, निवेदन | २९ख. मुद्दा सर्नेः (१) यो दफा प्रारम्भ हुँदाका बखत जिल्ला अदालत वा उच्च अदालतमा विचाराधिन रहेको सशस्त्र द्वन्द्वको क्रममा भएका मानवअधिकारको उल्लंघन तथा मानवअधिकारको गम्भीर उल्लंघनसँग सम्बन्धित मुद्दा, पुनरावेदन, निवेदन | *विशेष अदालतनै गठन हुने भै सकेपछि द्वन्द्वको क्रममा भएको मानवअधिकार उल्लंघन वा गम्भिर मानवअधिकार उल्लंघनसंग* |

| | | | |
|---|---|---|---|
| निकायसंगको परामर्शमा आयोगले छानविन गर्नेछ ।<br>(३) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि सशस्त्र द्वन्द्वको क्रममा भएका घटनासंग सम्बन्धित विषयमा विभिन्न निकायमा विचाराधीन उजुरीहरू आयोगले छानविन गर्नेछ ।<br>(४) कुनै घटना शसस्त्र द्वन्द्वको क्रममा भएको हो वा होइन भन्ने विवाद भएमा त्यसको निर्णय आयोगले गर्नेछ । | तथा प्रतिवेदन विशेष अदालतमा सार्न महान्यायाधिवक्ताले सम्बन्धित अदालतमा लेखी पठाउनेछ ।<br>(२) उपदफा (१) बमोजिम लेखी आएमा सम्बन्धित अदालतले त्यस्तो मुद्दा, पुनरावेदन, निवेदन तथा प्रतिवेदनसंग सम्बन्धित सम्पूर्ण मिसिल एक्काईस दिनभित्र विशेष अदालतमा पठाउनु पर्नेछ ।<br>(३) उपदफा (२) बमोजिम सक्कल मिसिल प्राप्त भएको पन्ध्र दिनभित्र विशेष अदालतले सशस्त्र द्वन्द्वको क्रममा मानवअधिकारको उल्लंघन वा मानवअधिकारको गम्भीर उल्लंघनको घटनासंग सम्बन्धित भए नभएको विषयमा छानवीन गरी राय सहित प्रतिवेदन पेश गर्न सक्कल मिसिल आयोगमा पठाउनु पर्नेछ ।<br>(४) उपदफा (३) बमोजिम सक्कल मिसिल प्राप्त भएमा आयोगले मानवअधिकारको उल्लंघन वा मानवअधिकारको गम्भीर उल्लंघनको घटनासंग सम्बन्धित भए नभएको विषयमा छानबिन गरी यथाशीघ्र सक्कल मिसिल र सो को प्रतिवेदन विशेष अदालतमा पेश गर्नु पर्नेछ ।<br>(५) उपदफा (४) बमोजिम मानवअधिकारको उल्लंघनको घटनामा यस ऐन बमोजिम पीडक र पीडितबीच मेलमिलाप गर्न सहमत | तथा प्रतिवेदन विशेष अदालतमा सार्न महान्यायाधिवक्ताले सम्बन्धित अदालतमा लेखी पठाउनेछ ।<br>(२) उपदफा (१) बमोजिम लेखी आएमा सम्बन्धित अदालतले त्यस्तो मुद्दा, पुनरावेदन, निवेदन तथा प्रतिवेदनसंग सम्बन्धित सम्पूर्ण मिसिल एककाईस दिनभित्र विशेष अदालतमा पठाउनु पर्नेछ ।<br>(३) उपदफा (२) बमोजिम जिल्ला तथा उच्च अदालतबाट सरी आएका मुद्दा सशस्त्र द्वन्द्वको क्रममा मानवअधिकारको उल्लंघन वा मानवअधिकारको गम्भीर उल्लंघनको घटनासंग सम्बन्धित नभएको भनी मुद्दाको कुनै पक्षले निवेदन दिएमा विशेष अदालतले त्यस्तो निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र त्यस्तो निवेदनको टुंगो लगाउनु पर्नेछ ।<br><br>(४) उपदफा (३) बमोजिम विशेष अदालतमा सरी आएका मानवअधिकारको उल्लंघनका घटनासंग सम्बन्धित मुद्दाका पक्षहरूले मेलमिलाप गर्न सहमत छौं भन्ने उल्लेख गरी मेलमिलापका लागि निवेदन दिएमा अदालतले सक्कल मिसिल आयोगमा पठाउनु पर्नेछ । | *सम्बन्धित घटना हो वा होइन भन्ने विषय आयोगले निधो गर्ने व्यवस्था गरिनु उपयुक्त हुँदैन । यस्तो विषय सारभूत भएकाले न्यायिक रूपमा निरूपण गर्ने गरी व्यवस्था गरिनु वाञ्छनीय हुन्छ । आयोगलाई यो अधिकार दिनेगरी गरिएको विगत देखिकै व्यवस्था सच्चिन उपयुक्त हुन्छ ।* |

| | | | |
|---|---|---|---|
| | भएमा वा पीडितले क्षमादान दिन सहमति दिएमा सोही व्यहोरा उल्लेख गरी आयोगले विशेष अदालतमा सक्कल मिसिल सहित प्रतिवेदन पेश गर्नु पर्नेछ ।<br>(६) उपदफा (५) बमोजिम प्राप्त प्रतिवेदनको आधारमा यस ऐन बमोजिम त्यस्तो घटनामा मेलमिलाप वा क्षमादानको सिफारिस सम्बन्धी कारबाहीका लागि विशेष अदालतले लगत कट्टा गरी त्यस्तो मुद्दासंग सम्बन्धित सक्कल मिसिल आयोगमा पठाउन सक्नेछ ।<br>(७) उपदफा (४) बमोजिमको प्रतिवेदनबाट त्यस्तो कार्य मानवअधिकारको उल्लंघन वा मानवअधिकारको गम्भीर उल्लंघनसंग सम्बन्धित रहेको नदेखिएमा विशेष अदालतले पन्ध्र दिनभित्र सक्कल मिसिल सम्बन्धित अदालतमा फिर्ता पठाउनु पर्नेछ । | | |
| ऐनमा व्यवस्था नभएको | २९घ. सजाय सम्बन्धी व्यवस्थाः (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि मानवअधिकारको गम्भीर उल्लंघनको कार्यमा संलग्न व्यक्तिलाई विशेष अदालतले त्यस्तो घटना हुँदाको परिस्थिति, कारण तथा संक्रमणकालीन न्यायका सिद्धान्तलाई ध्यान दिई | २९घ. सजायसम्बन्धी व्यवस्थाः (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि मानवअधिकारको गम्भीर उल्लंघनको कार्यमा संलग्न व्यक्तिलाई विशेष अदालतले त्यस्तो घटना हुँदाको परिस्थिति, कारण तथा संक्रमणकालीन न्यायका सिद्धान्तलाई ध्यान दिई | *अपराधको गाम्भिर्यता बढाउने वा घटाउने परिस्थितिहरू तोकिदिएर तीनलाई विचार गरेर सजायको मात्रा निर्धारण गर्ने गरी विधायिकाले प्रवन्ध गर्नु स्वभाविक हुन्छ । तर त्यसरी* |

| | | | |
|---|---|---|---|
| | प्रचलित कानुन बमोजिमको सजायमा घटाई सजाय निधारण गर्नु पर्नेछ ।" | प्रचलित कानुन बमोजिमको सजायमा घटाई सजाय निर्धारण गर्न सक्नेछ । | *अदालतले सजाय घटाउनै पर्ने विधायिकि अनिवार्यताले संविधान संरक्षित न्यायिक स्वतन्त्रताका मान्यतालाई परास्त पार्छ । तसर्थ न्यायिक स्वतन्त्रताका मान्यताको सम्मान हुनेगरी प्रबन्ध गर्नु बान्छनीय भएकाले ।* |
| ऐनमा व्यवस्था नभएको | (३) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि तत्काल प्रचलित नेपाल कानुन बमोजिम गठित अदालतबाट सशस्त्र द्वन्द्वसंग सम्बन्धित घटनामा मुद्दा दायर भई पहिला नै सजाय भई सकेको रहेछ भने त्यस्तो व्यक्ति उपर सोही विषयमा यस ऐन बमोजिम मुद्दा दायर गरी सजाय गरिने छैन ।" | (३) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि तत्काल प्रचलित नेपाल कानुन बमोजिम गठित नियमित अदालतबाट सशस्त्र द्वन्द्वसंग सम्बन्धित घटनामा मुद्दा दायर भई पहिला नै सजाय भई सकेको रहेछ भने त्यस्तो व्यक्ति उपर सोही कसुरमा यस ऐन बमोजिम मुद्दा दायर गरी सजाय गरिने छैन ।" | *साधारण अदालतबाट दण्ड सजाय भएको बाहेक सैनिक ऐनको उल्लंघन भएको विषयमा गरेका कारबाहीलाई देखाएर गम्भीर अपराधका पीडितको पर्याप्त कानुनी उपचारको हकलाई इन्कार गर्ने कुराले अन्तर्राष्ट्रिय कानुनअन्तर्गत मान्यता नपाउने भएकाले ।* |
| ३८. आयोगको कार्यावधि : (१) आयोगको कार्यावधि यो दफा प्रारम्भ भएको मितिले एक वर्षको हुनेछ ।<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफामा उल्लिखित अवधिभित्र यस ऐन बमोजिम आयोगबाट | दफा ३८.आयोगको कार्यावधिः (१) आयोगको कार्यावधि संवत् २०८१ साल असार मसान्तसम्म कायम रहनेछ ।<br>(२) उपदफा (१)मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफामा उल्लिखित अवधिभित्र आयोगबाट यस ऐन बमोजिम सम्पन्न हुनु पर्ने काम | दफा ३८.आयोगको कार्यावधिः यो दफा प्रारम्भ भएपछि नियुक्त भएका आयोगका पदाधिकारीको पदावधि रहँदासम्म आयोगको कार्यावधि कायम रहनेछ ।<br>(२) उपदफा (१)मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफामा उल्लिखित अवधिभित्र आयोगबाट यस | *आयोगहरूको कार्यादेशको गाम्भीर्यता एवं अहिलेसम्म भएको प्रगति समेतलाई यथार्थपरक मूल्यांकन गर्दा आयोगको पर्याप्त र निश्चित कार्यावधि तोक्नु वाञ्छनीय भएकोले ।* |

| | | | |
|---|---|---|---|
| सम्पन्न हुनु पर्ने काम बाँकी रहन गएमा नेपाल सरकारले आयोगको कार्यावधि एक वर्षसम्मको लागि थप गर्न सक्नेछ ।<br>(३) यस ऐन बमोजिम अध्यक्ष तथा सदस्यको पदावधिसमाप्त भएको कारणले मात्र आयोगको कार्यावधि समाप्त भएको मानिने छैन । | बाँकी रहन गएमा नेपाल सरकारले आयोगको कार्यावधि एक वर्षसम्मको लागि थप गर्न सक्नेछ ।" | ऐन बमोजिम सम्पन्न हुनु पर्ने काम बाँकी रहन गएमा नेपाल सरकारले आयोगको कार्यावधि एक वर्षसम्मको लागि थप गर्न सक्नेछ ।" | |